अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।११।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

कोशी अस्पताल, विराटनगरमा CT Scan Department मा कार्यरत जितेन्द्र भनिने जितेन चौधरीको B.Sc. तहको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्टा रहेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा कोशी अस्पताल, विराटनगरमा कार्यरत जितेन चौधरीले नेपाल स्वास्थ्य व्यवसायी परिषद्को सदस्य हुन् राजिभ गान्धी युनिभर्सिटी अफ हेल्थ साइन्स, कर्नाटकबाट जारी भएको BSc. MIT Reg No 09E1958, PDC/Degree Certificate No o147294, को झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कोशी अस्पताल, विराटनगरमा रेडियोग्राफर पदमा मिति २०७२/१०/०१ गते नियुक्ति लिई ओहोदा, लाभ र सुविधा प्राप्त गरेकोले निज जितेन चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे